**10th of August**

**यो आकाशवाणी हो**

**शुरु गरौँ आजका मुख्य समाचारहरुबाट**

- **पंजाबमा बाढी राहतका लागि प्रधानमन्त्री मोदीको 16 सय करोड सहयोग**
- **प्रधानमन्त्री मोदीले भोलि उत्तर प्रदेश र उत्तराखण्डको भ्रमण गर्नुहुने**
- **बिहार, झारखण्ड र पश्चिम बंगालमा रेल परियोजनाहरूलाई मन्त्रिपरिषद्को स्वीकृति**
- **काठमांडू उपत्यकाको, लुटपाट र हिंसामा सुरक्षा बल सक्रिय**
- **भारत र यूएईबीच एसिया कप 2025को  भिडन्त अहिले 8 बजि दुबईमा हुने**

**अब समाचार विस्तारमा**

**पंजाबमा बाढी राहतका लागि प्रधानमन्त्री मोदीको 16 सय करोड सहयोग**

प्रधानमन्त्री नरेन्द्र मोदीले बाढी प्रभावित पंजाबलाई 1 हजार 6 सय करोड रुपैयाँ आर्थिक सहयोग दिने घोषणा गर्नुभएको छ। यो रकम यसअघि प्रदान गरिएको 12 हजार करोड रुपैयाँको अतिरिक्त हुनेछ। साथै, राज्य आपदा राहत कोष र प्रधानमन्त्री किसान सम्मान निधिको किस्ती अग्रिम रूपमा उपलब्ध गराइने पनि निर्णय गरिएको छ। बाढीमा ज्यान गुमाएका व्यक्तिका परिवारलाई 2 लाख रुपैयाँ र गम्भीर घाइतेलाई 50 हजार रुपैयाँ सहयोग दिने व्यवस्था गरिएको छ।

**प्रधानमन्त्री मोदी भोलि उत्तर प्रदेश र उत्तराखण्डको दौरा गर्ने**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि उत्तर प्रदेश र उत्तराखण्डको भ्रमणमा रहनुहुने छ। उहाले वाराणसीमा मोरिससका प्रधानमन्त्री डा. नवीनचन्द्र रामगुलामसँग भेटघाट गरी द्विपक्षीय वार्ता गर्ने कार्यक्रम रहेको छ। यस क्रममा विकास साझेदारी, क्षमता अभिवृद्धि तथा आपसी सहयोगका विभिन्न पक्षहरूको समीक्षा हुनेछ। स्वास्थ्य, शिक्षा, विज्ञान–प्रविधि, ऊर्जा, पूर्वाधारसँगै नवीकरणीय ऊर्जा, डिजिटल सार्वजनिक पूर्वाधार र ब्लू इकोनोमी जस्ता उदीयमान क्षेत्रमा सहकार्य विस्तारबारे पनि छलफल हुने अपेक्षा गरिएको छ।

**बिहार, झारखण्ड र पश्चिम बंगालमा रेल परियोजनाहरूलाई मन्त्रिपरिषद्को स्वीकृति**

मन्त्रिपरिषद्को आर्थिक कार्य समितिले भागलपुर–दुम्का–रामपुरहाट रेल खण्डको 277 किलोमिटर लामो एकल रेलमार्गलाई दोहोरो बनाउने निर्णय गरेको छ। यस परियोजनामा करिब 3 हजार 1  सय उनातर करोड रुपैयाँ खर्च आउने अनुमान छ।

साथै, समितिले बिहारको बक्सर–भागलपुर हाई–स्पीड कोरिडोर निर्माणको पनि स्वीकृति दिएको छ। यसको कुल लम्बाइ करिब ब्यासी किलोमिटर र अनुमानित लागत 4 हजार 4 सय सैतालीस  करोड रुपैयाँभन्दा बढी हुनेछ। यस विषयमा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले थप बताउनुभयो

**काठमांडू उपत्यकाको, लुटपाट र हिंसामा सुरक्षा बल सक्रिय**

नेपाल सरकारका मुख्य सचिव एकनारायण आर्यलले वर्तमान परिस्थितिमा बुनियादी सेवाहरूको आपूर्ति सुनिश्चित गर्न सचिवहरूसँग छलफल गरिरहनुभएको छ। यसबीच नेपाली सेनाले काठमांडू उपत्यकामा नियन्त्रण स्थापना गरेको छ। महाराजगञ्जस्थित भटभटेनी सुपरमार्केटमा लुटपाटको आरोपमा चार जनालाई पक्राउ गरिएको छ। सुरक्षा निकायहरूले गौशाला–चाबाहिल र बौद्ध क्षेत्रमा डकैतीमा संलग्न व्यक्तिहरूबाट करिब 34 लाख रुपैयाँ बरामद गरेका छन्। अर्को घटनामा दिल्ली बजार–नारायणथान क्षेत्रबाट 2 लाख 32 हजार रुपैयाँभन्दा बढी र  2 हजार 500 अमेरिकी डलर बरामद भएको छ। सेनाले अहिलेसम्म लुटिएका 32 वटा हतियार फिर्ता पारेको छ भने कारागारबाट भागेका 26 कैदीलाई पुनः पक्राउ गरेको छ। सुप्रीम कोर्टको अर्को आदेशसम्म सबै मुद्दाहरूको सुनुवाइ स्थगित गरेको छ। पूर्व नेपालका झापा र धनगढ़ी क्षेत्रमा सुरक्षा बलको तैनाथीपछि जनजीवन क्रमशः सामान्य बन्दै गएको छ।

यता  सिक्किम राज्यमा पनि नेपालको हालको परिस्थितिलाई मध्यनजर गर्दै सिक्किम सरकारले संवेदनशील स्थानहरूमा सुरक्षा व्यवस्था कडा बनाएको छ। पुलिस स्रोतका अनुसार सोरङ र ग्यालसिङ जिल्लाका वरिष्ठ अधिकारीहरूलाई एसएसबीसँग संयुक्त गस्ती गर्ने र लगातार निगरानी राख्ने निर्देशन दिइएको छ। रंगपो, मेली, रेशी लगायतका सबै सीमा नाकाहरूमा उच्च सतर्कता अपनाइएको छ, जसले अनधिकृत व्यक्तिहरूको प्रवेश रोक्ने छ। पुलिसलाई पनि सवारीसाधनको जाँच कडाइका साथ गर्न भनिएको छ। यस्तै, सम्बन्धित डीआईजी र एसपीलाई छिमेकी देशबाट हुन सक्ने अवैध गतिविधि वा घुसपैठ रोक्न संवेदनशील क्षेत्रहरूको निरीक्षण गर्न आदेश दिइएको छ।

**ग्रामीण उद्यमी र साना व्यापारीलाई नयाँ अवसर : मन्त्री मांझी**

सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्री जीतन राम मांझीले फोनपे जस्ता निजी वित्तीय सेवा कम्पनीहरूले साना दोकानदार र ग्रामीण क्षेत्रका व्यापारीलाई व्यवसाय विस्तार गर्ने अवसर दिइरहेको बताउनुभएको छ। नयाँ दिल्लीमा डिजिटल–फर्स्ट उद्यम असिस्ट रजिस्ट्रेशन सुरु गर्ने क्रममा उहाले यो कुरा बताउनुभएको छ। यो सेवा फोनपेको पहलमा भारतीय लघु उद्योग विकास बैंक (SIDBI) को सहकार्यमा सुरु गरिएको हो। मन्त्री मांझीले यस्ता पहलबाट टाढा–टाढाका नागरिकले पनि स्वरोजगारका माध्यमबाट आत्मनिर्भर बन्न सक्ने उल्लेख गर्नुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**शिक्षा क्षेत्रमा जीएसटी सुधारः स्टेशनरी सामग्रीमा कर पूर्णतः हटाइयो**

यस वर्षको स्वतन्त्रता दिवसमा प्रधानमन्त्री नरेन्द्र मोदीले लालकिल्लाबाट सम्बोधन गर्दै तिहारसम्म जीएसटी सुधारको अर्को चरण ल्याउने घोषणा गर्नुभएको थियो। 3 सेप्टेम्बरमा जीएसटी परिषद्‌ले कर दर युक्तिसंगत बनाउने, धेरै क्षेत्रमा कर घटाउने र नागरिकलाई सहजता दिने निर्णय गरेसँगै उक्त घोषणा व्यवहारमा आएको छ। शिक्षा क्षेत्रमा यस सुधारले विशेष प्रभाव पारेको छ। सरकारको निर्णय अनुसार पेन्सिल, शार्पनर, क्रेयोन, अभ्यास पुस्तिका, ग्राफ बुक, नक्सा र चार्टजस्ता स्टेशनरी सामग्रीमा लाग्ने 12 प्रतिशत जीएसटी हटाइएको छ। त्यस्तै, रबरमा लाग्ने 5 प्रतिशत जीएसटी पनि हटाई शून्य गरिएको छ। यी निर्णयले विद्यार्थी र अभिभावकलाई राहत दिने अपेक्षा गरिएको छ।

**चारधाम यात्राको दोस्रो चरण सुरु, 15 सेप्टेम्बरसम्म सबै मार्ग पुनः सञ्चालनमा आउने अपेक्षा**

उत्तराखण्डमा चारधाम यात्राको दोस्रो चरण सुरु भएको छ। केदारनाथ, बद्रीनाथ र हेमकुण्ड साहिबका तीर्थयात्रा सहज रूपमा सञ्चालन भइरहेका छन्। गढवाल मण्डलका आयुक्त विनय शंकर पाण्डेले गंगोत्री र यमुनोत्री मार्गमा अझै सडकको समस्या रहेको जानकारी

दिनुभएको छ। उहाका अनुसार 15 सेप्टेम्बरसम्म सबै मार्ग पूर्ण रूपमा बहाल हुने र त्यही दिनदेखि हेलिकप्टर सेवा पनि पुनः सञ्चालनमा आउने अपेक्षा गरिएको छ।

**भारत र यूएईबीच एसिया कप 2025को  भिडन्त अहिले 8 बजि दुबईमा हुने**

आज दुबईमा भारत र संयुक्त अरब इमिरेट्सबीच  एशिया कप क्रिकेट प्रतियोगिताको ग्रुप ए अन्तर्गत पहिलो खेल हुने भएको छ। यो खेल भारतीय समय अनुसार अहिले राति आठ बजेदेखि सुरु हुनेछ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **पंजाबमा बाढी राहतका लागि प्रधानमन्त्री मोदीको 16 सय करोड सहयोग**
- **प्रधानमन्त्री मोदीले भोलि उत्तर प्रदेश र उत्तराखण्डको भ्रमण गर्नुहुने**
- **बिहार, झारखण्ड र पश्चिम बंगालमा रेल परियोजनाहरूलाई मन्त्रिपरिषद्को स्वीकृति**
- **काठमांडू उपत्यकाको, लुटपाट र हिंसामा सुरक्षा बल सक्रिय**
- **भारत र यूएईबीच एसिया कप 2025 को  भिडन्त अहिले 8 बजि दुबईमा हुने**